**श्री**

**राजस्व न्यायाधिकरण काठमाडौं, मुकाम पुल्चोक ललितपुर**

**<u>इजलास</u>**

**माननीय अध्यक्ष श्री टेकप्रसाद ढुङ्गाना**

**लेखा सदस्य श्री बासुदेव खनाल**

**<u>फैसला</u>**

**२०७९/८० सालको निर्णय नं.४०९**

**पुनरावेदन नं.०७५-RB-००२८**

**<u>मुद्दाः अन्तःशुल्क (२०६६।६७)</u>**

| | |
|---|---|
| बारा जिल्ला वीरगंज आदर्शनगर स्थित साविक मारुती नन्दन रोलिङ्ग मिल्स प्रा. लि. हाल परिवर्तित शालीमार स्टील्स प्रा. लि. (स्थायी लेखा नं. ३०००२०५९७) को तर्फबाट अख्तियार प्राप्त कम्पनीका संचालक जीवन कुमार अग्रवाल.................१ | पुनरावेदक |

**<u>विरुद्ध</u>**

| | |
|---|---|
| आन्तरिक राजस्व कार्यालय, सिमरा.........................................................१<br>आन्तरिक राजस्व विभाग, लाजिम्पाट, काठमाण्डौ.............................................१ | प्रत्यर्थी |

**<u>शुरु निर्णय गर्ने कार्यालय र अधिकारी</u>**

शुरु निर्णय गर्ने कार्यालयः- आन्तरिक राजस्व कार्यालय, सिमरा

शुरु निर्णय गर्ने अधिकारीः- प्रमुख कर अधिकृत श्री कृष्णप्रसाद पराजुली

शुरु निर्णय मितिः- २०७०।११।१२

**<u>प्रशासकीय पनरावलोकनको निर्णय गर्ने कार्यालय र अधिकारी</u>**

निर्णय गर्ने कार्यालयः- आन्तरिक राजस्व विभाग, काठमाण्डौ

निर्णय गर्ने अधिकारीः- महानिर्देशक श्री विष्णुप्रसाद नेपाल

विभागको निर्णय मितिः–२०७५/०२/१०

**<u>उपस्थित कानून व्यवसायी</u>**

पुनरावेदकका तर्फबाटः- विद्धान अधिबक्ताद्वय श्री रमणकुमार कर्ण र श्री प्रेरणा उप्रेती

प्रत्यर्थी कार्यालयहरुका तर्फबाटः- विद्धान सहायक न्यायाधिवक्ता श्री संगिता थोकर

**<u>अवलम्वित नजीरः-</u>** आन्तरिक राजस्व कार्यालय, धरान सुनसरी विरुद्ध पशुपति आइरन एण्ड स्टील्स प्रा.लि., मुद्दाः अन्तःशुल्क आ.ब २०६४/०६५, निर्णय मिति २०७५/०३/११।

पुनरावेदक करदाताको हकमा आन्तरिक राजस्व कार्यालय, सिमराबाट मिति २०७०।११।१२ मा भएको अन्तःशुल्क निर्धारण आदेश र सोही आदेश सदर गर्ने गरी आन्तरिक राजश्व विभागका महानिर्देशकबाट मिति २०७५/०२/१० मा भएको निर्णय समेत उपर राजस्व न्यायाधिकरण ऐन, २०३१ को दफा ६(१) र अन्तःशुल्क ऐन, २०५८ को दफा १९(६) बमोजिम करदाताको तर्फबाट परेको प्रस्तुत पुनरावेदन यसै न्यायाधिकरणको क्षेत्राधिकार भित्रको हुँदा प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य एवं यस न्यायाधिकरणको ठहर यसप्रकार रहेको छः-

**<u>तथ्य खण्ड</u>**

१. आन्तरिक राजस्व कार्यालय, सिमरावाट कर परीक्षण गरी सो प्रतिवेदनका आधारमा विश्लेषण गर्दा प्रस्तुत करदाताको आ.व. २०६६/०६७ को सम्बन्धमा अन्तःशुल्क ऐन, २०५८ बमोजिम उद्योगले अस्वाभाविक तवरबाट घटी उत्पादन देखाई सो को निकासीमा लाग्ने अन्तःशुल्क तथा विलम्व शुल्क समेतको रकम रू.२०,९५,४७६।९४ अन्तःशुल्क ऐन, २०५८ को १०घ को (च) तथा (ज) बमोजिम कर निर्धारण गरी अन्तःशुल्क नियमावली, २०५९ को नियम ६क (१) बमोजिम आन्तरिक राजस्व कार्यालय, सिमराबाट मिति २०७०।१०।२२ मा जारी भएको अन्तःशुल्क निर्धारण आदेश।

२. आन्तरिक राजस्व कार्यालय, सिमराबाट मिति २०७०।१०।२२ मा जारी भएको आदेश करदाताले मिति २०७०।१०।२४ मा बुझी लिई सोको लिखित जवाफ मिति २०७०।११।०८ मा पेश गरेको ।

३. प्रस्तुत करदाताको आ.व. २०६६/०६७ को लागि रू.२१,००,११३।९४ अन्तःशुल्क निर्धारण गरी अन्तःशुल्क नियमावली, २०५९ को नियम ६क(२) बमोजिम अन्तिम अन्तःशुल्क निर्धारण गर्ने गरी आन्तरिक राजस्व कार्यालय, सिमराबाट मिति २०७०/११/१२ मा खडा भएको निर्णय पर्चा ।

४. आन्तरिक राजस्व कार्यालय, सिमराले मिति २०७०/११/१२ मा जारी गरेको आ.व. २०६६/०६७ को अन्तःशुल्क कर निर्धारण आदेशमा चित्त नबुझी साविक मारुती नन्दन रोलिङ्ग मिल्स प्रा.लि. हाल परिवर्तित शालीमार स्टील्स प्रा. लि. ले प्रशासकीय पुनरावलोकनका लागि मिति २०७१/०१/१९ मा आन्तरिक राजस्व विभागमा पेश गरेको निवेदन.

५. आन्तरिक राजस्व विभाग, अन्तः शुल्क महाशाखाबाट प.सं. २०६८।०६९, च.नं. २१४, मिति २०६८।०९।१९ मा "उद्योग विभाग प्रविधि तथा वातावरण शाखाको प.सं.

आ.व. ०६८/६९/०८ च.नं. ५८९ मिति २०६८।०४।२२ को पत्रबाट विभागबाट प्रकाशित Material consumption Norms, vol. I, B.S. २०६३ अनुसार MS Billet बाट छड उत्पादनमा ६% (१०६ के.जी. MS billet बाट १०० के.जी. छड) जर्ति कायम भएको व्यहोरा मिति २०६८।०४।२२ को निर्णय अनुसार जानकारी गराईन्छ भन्ने व्यहोरा लेखी आएकोले सोही बमोजिम गर्नु गराउनु हुन" भनी परिपत्र जारी भएको देखिन्छ। विभागको उक्त परिपत्र अनुसार १०६ के.जी. MS Billet बाट १०० के.जी. MS Rods उत्पादन हुने हुदा सोही बमोजिमको मात्र जर्ति पाउने बिषयमा कुनै विवाद रहेको देखिएन। तसर्थ निवेदकले विभागको च. नं. २१४, मिति २०६८।०९।१९ को परिपत्रलाई वेवास्ता गरी नियमानुसार पाउने भन्दा बढी जर्ति दावी गरी घटी उत्पादन देखाएको हदसम्मको परिमाण उत्पादन र बिक्री भएको मानी सो बिक्रीमा अन्तःशुल्क निर्धारण गर्ने गरी अन्तिम अन्तःशुल्क निर्धारण आदेश जारी गरिएको कार्यालयको निर्णय कानून सम्मत रहेको देखिंदा निबेदन जिकिर नपुग्ने ठहर्छ। उपरोक्तानुसार कार्यालयबाट भएको अन्तः शुल्क निर्धारण मनासिब रहेको अवस्थामा सो मा अन्तःशुल्क ऐन, २०५८ तथा नियमावली, २०५९ को व्यवस्था बमोजिम जरिवाना, शुल्क तथा ब्याज लाग्ने नै हुँदा जरिवाना, शुल्क तथा ब्याज तिर्न नपर्ने भन्ने करदाताको जिकिर नपुग्ने ठहर्छ भन्ने आन्तरिक राजस्व विभागबाट मिति २०७५/०२/१० मा भएको निर्णय।

६. विभागको च.नं.२१४, मिति २०६८।०९।१९ को परिपत्रलाई वेवास्ता गरी नियमानुसार पाउने भन्दा बढी जर्ति दावी गरी घटी उत्पादन देखाएको हदसम्मको परिमाण उत्पादन र बिक्री भएको मानी सो बिक्रीमा अन्तःशुल्क निर्धारण गरेको आदेश तथा उत्पादनको बिक्री/निष्काशनमा अन्तःशुल्क असुल गर्नुपर्नेमा सो गरेको नदेखिएको भनी आन्तरिक राजस्व कार्यालय सिमराबाट भएको अन्तःशुल्क निर्धारण आदेश र सो आदेश सदर गर्ने गरी आन्तरिक राजस्व विभागबाट भएको निर्णय समेत त्रुटिपूर्ण हुँदा बदर गरी पाउँ भन्ने समेत व्यहोराको करदाता साविक मारुती नन्दन रोलिङ्ग मिल्स प्रा.लि. हाल परिवर्तित शालीमार स्टील्स प्रा. लि. को तर्फबाट यस न्यायाधिकरणमा मिति २०७५/०५/०७ मा दर्ता भएको पुनरावेदन पत्र।

७. यसमा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १४०(३) बमोजिम छलफलको प्रयोजनार्थ विशेष सरकारी वकीलको कार्यालयलाई सूचना दिई नियमानुसार पेश गर्नु भन्ने यस न्यायाधिकरणबाट मिति २०७६/०७/०६ मा भएको आदेश।

८. प्रस्तुत मुद्दामा करदाताको तर्फबाट कानून व्यवसायी रहनु भएका अधिवक्ता श्री रमणकुमार कर्णले स्वास्थ्य उपचारको कारण देखाई पेशी स्थगनको निवेदन पठाएको देखिँदा प्रस्तुत मुद्दामा आज सुनुवाई गर्न मिलेन। प्रस्तुत मुद्दा करिब चार बर्ष पुरानो रहेको परिप्रेक्ष्यमा पुनरावेदक तर्फका कानून व्यवसायी तथा प्रत्यर्थी तर्फबाट विशेष सरकारी वकीलको कार्यालय दुवै पक्षबाट १५ दिनभित्र लिखित बहसनोट पेश गर्न

लगाई नियमानुसार पेश गर्नु भन्ने यस न्यायाधिकरणबाट मिति २०७९/१२/२० मा भएको आदेश।

९. उद्योग विभागको Materials consumption Norms B.S. 2063 ले उल्लेख गरेको व्यवस्था बाध्यकारी नभएकोले सोमा भएको नर्म्सलाई सवै उद्योगमा समानरुपमा लागु हुने नहुँदा सो नर्म्सलाई वेवास्ता गरी नियमानुसार पाउने भन्दा बढी जर्ति दावी गरी घटी उत्पादन देखाएकोले दावी गरेको बढी जर्तिलाई उल्लिखित दरकै आधारमा छड उत्पादन तथा बिक्री भएको मानी सो बिक्रीमा अन्तःशुल्क निर्धारण गर्ने गरी शुरु आन्तरिक राजस्व कार्यालय, सिमराबाट गरिएको आदेश र सोही आदेश सदर गर्ने गरी आन्तरिक राजस्व विभागका महानिर्देशबाट निर्णय सर्वोच्च अदालतबाट ने.का.प. २०४७, नि.नं. ४०३५ मा प्रतिपादित सिद्धान्त समेतको आधारबाट त्रुटीपूर्ण रहेकोले बदर गरी पाउँ भन्ने समेत व्यहोराको पुनरावेदक करदाताको तर्फबाट विद्वान अधिवक्ता श्री प्रेरणा उप्रेतीले मिति २०८०।०१।०४ मा पेश गरेको बहसनोट।

१०. करदाताले उद्योग विभागको Materials consumption Norms B.S. 2063 ले उल्लेख गरेको व्यवस्थालाई वेवास्ता गरी नियमानुसार पाउने भन्दा बढी जर्ति दावी गरी घटी उत्पादन देखाएकोले दावी गरेको बढी जर्तिलाई उल्लिखित दरकै आधारमा छड उत्पादन तथा बिक्री भएको मानी सो बिक्रीमा अन्तःशुल्क निर्धारण गर्ने गरी आन्तरिक राजस्व कार्यालय, सिमराबाट भएको आदेश र सोही आदेशलाई सदर गर्ने गरी आन्तरिक राजस्व विभागका महानिर्देशकबाट भएको निर्णय समेत मिलेकै देखिदां सदर होस भन्ने समेत व्यहोराको प्रत्यर्थी कार्यालयको तर्फबाट विशेष सरकारी वकील कार्यालयका विद्वान सहायक न्यायाधिवक्ता श्री संगिता थोकरले मिति २०८०।०१।०५ मा पेश गरेको बहसनोट।

## <u>ठहर खण्ड</u>

११. नियम बमोजिम पेश हुन आएको प्रस्तुत मुद्दामा पुनरावेदक करदाता साविक मारुती नन्दन रोलिङ्ग मिल्स प्रा.लि. हाल परिवर्तित शालीमार स्टील्स प्रा. लि. का तर्फबाट उपस्थित हुनुभएका विद्वान अधिवक्ताद्वय श्री रमणकुमार कर्ण र श्री प्रेरणा उप्रेतीले आन्तरिक राजस्व कार्यालय, सिमराबाट विभागको च.नं. २१४, मिति २०६८।०९।१९ को परिपत्रलाई वेवास्ता गरी नियमानुसार पाउने भन्दा बढी जर्ति दावी गरी घटी उत्पादन देखाएको हदसम्मको परिमाण उत्पादन र बिक्री भएको मानी सो बिक्रीमा अन्तःशुल्क निर्धारण गरेको आदेश तथा उत्पादनको बिक्री/निष्काशनमा अन्तःशुल्क असुल गर्नुपर्नेमा सो गरेको नदेखिएको भनी निर्धारण गरेको आदेश र सो आदेश सदर गर्ने गरी आन्तरिक राजस्व विभागबाट भएको निर्णय समेत त्रूटिपूर्ण रहेको हुँदा बदर गरी पाउँ भनी गर्नु भएको बहस सुनियो।

१२. प्रत्यर्थीहरुका तर्फबाट उपस्थित हुनुभएका विशेष सरकारी वकिलको कार्यालय, काठमाडौंका विद्वान सहायक न्यायाधिवक्ता श्री संगिता थोकरले आन्तरिक राजस्व कार्यालय, सिमराबाट भएको अन्तःशुल्क निर्धारण आदेश र सो आदेशलाई सदर गर्ने गरी आन्तरिक राजस्व विभागका महानिर्देशकका महानिर्देशकबाट भएको निर्णय समेत कानूनसम्मत रहेको हुँदा सो निर्णय सदर गरी पाउँ भनी गर्नुभएको बहस समेत सुनियो।

१३. पुनरावेदक करदाताका तर्फबाट लिइएका पुनरावेदन जिकिरहरु, दुवैतर्फबाट प्रस्तुत बहस बुदाँहरु एवं लिखित बहसनोट र मिसिल संलग्न कागज प्रमाणको अध्ययन गरी हेर्दा, आन्तरिक राजस्व कार्यालय, सिमराबाट करदाताको हकमा भएको अन्तःशुल्क निर्धारणको आदेश र सो आदेशलाई सदर गर्ने गरी आन्तरिक राजस्व विभागका महानिर्देशकबाट भएको निर्णय मिलेको छ वा छैन ? पुनरावेदक करदाताको पुनरावेदन जिकिर पुग्न सक्ने हो वा होइन ? भन्ने विषयमा निर्णय दिनुपर्ने देखिन आयो।

१४. निर्णय तर्फ विचार गर्दा, करदाता साविक मारुती नन्दन रोलिङ्ग मिल्स प्रा.लि. हाल परिवर्तित शालीमार स्टील्स प्रा. लि. ले आ.व. २०६६/०६७ मा उद्योग विभागले प्रकाशित नर्म्स अनुसार घटी उत्पादन भएको छडको यस आ.व. को आर्थिक ऐनमा उल्लेखित अन्तःशुल्क दरबन्दी अनुसार प्रति मेट्रिक टन रु.१००० का दरले हुने मूल्य रु.७,७२,७२२।४० को अन्तःशुल्क निर्धारण गरी शत प्रतिशत जरिवाना र विलम्व शुल्क समेत निर्धारण गर्ने भनी आन्तरिक राजस्व कार्यालय सिमराबाट मिति २०७०।११।१२ मा निर्णय भएको र उक्त निर्णय उपर करदाताले आन्तरिक राजस्व विभागमा प्रशासकीय पुनरावलोकनको निवेदन दिएकोमा मिति २०७५।०२।१० मा शुरु निर्णय नै सदर भएको देखियो।

१५. करदाताले पेश गरेको पुनरावेदन पत्रमा मुलतः Material Consumption Norms Vo.l I BS. २०६३ भन्सार प्रयोजनको लागि जारी भएकोले कर प्रयोजनको लागि आधार लिन नमिल्ने हुँदा आन्तरिक राजस्व कार्यालय सिमराको अन्तःशुल्क निर्धारण आदेश बदर भागी रहेको भन्ने जिकिर लिएको देखिन्छ। यही प्रश्न समावेश भएको आन्तरिक राजस्व कार्यालय, धरान सुनसरी विरुद्ध पशुपति आइरन एण्ड स्टील्स प्रा. लि. समेत भएको अन्तःशुल्क मुद्दामा श्री सर्वोच्च अदालतबाट साधिकार निकायबाट प्रकाशित मापदण्ड अनुसार निर्धारित कर सम्बन्धित उद्योगले बुझाउनु पर्ने नै देखिन्छ[1] भन्ने सिद्धान्त प्रतिपादन भई उद्योग विभागबाट प्रकाशित Material Consumption Norms लाई अन्तःशुल्क निर्धारणमा आधार लिन सकिने मान्यता स्थापित भएको पाईन्छ। यसरी उद्योग विभागबाट जारी गरेको Material Consumption Norms ले निर्धारण गरेको प्रतिलब्धी भन्दा घटी उत्पादन देखिएको आधारमा निर्धारण गरिएको अन्तःशुल्क आदेश

[1] आन्तरिक राजस्व कार्यालय, धरान सुनसरी विरुद्ध पशुपति आइरन एण्ड स्टील्स प्रा.लि., मुद्दाः अन्तःशुल्क आ.व २०६४/०६५, निर्णय मिति २०७५/०३/११।

श्री सर्वोच्च अदालतबाट प्रतिपादित उक्त सिद्धान्तको परिप्रेक्ष्यमा सोही आधारमा प्रस्तुत करदाताको आ.व. २०६६/०६७ को हकमा आन्तरिक राजस्व कार्यालय सिमराबाट मिति २०७०।११।१२ मा निर्धारण गरिएको अन्तःशुल्क आदेश समेत न्यायोचित देखिन आएकोले पुनरावेदक करदाताको पुनरावेदन जिकिरसंग सहमत हुन सकिएन।

१६. जहाँसम्म आन्तरिक राजस्व कार्यालय सिमराले निर्धारित अन्तःशुल्क रकमको शत प्रतिशत जरिवाना र विलम्व दस्तुर लगाएको त्रुटीपूर्ण रहेको भन्ने करदाताको अर्को पुनरावेदन जिकिर छ, सो सम्बन्धमा हेर्दा अन्तःशुल्क ऐन, २०५८ को दफा १६ मा □अन्तशुल्क लाग्ने वस्तु वा सेवाको उत्पादन प्रतिलब्धी तोकिएकोमा त्यस अनुसारको उत्पादन प्रतिलब्धी नपुगेमा थप हुने अन्तःशुल्क रकमको शतप्रतिशत रकम जरिवाना अन्तःशुल्क अधिकृतले गर्न सक्ने र दफा १०झ. मा दफा ४ को उपदफा (१) खण्ड (क) को अवस्था बाहेक अन्तःशुल्क रकम कुनै व्यक्तिले नबुझाएमा बुझाउन बाँकी रहेको अन्तःशुल्क रकममा प्रतिदिन शुन्य दशमलव शुन्य पांच प्रतिशतका दरले विलम्व शुल्क लाग्नेछ□ भन्ने कानुनी व्यवस्था रहेको देखिन्छ। माथी प्रकरण न. १५ मा गरिएको विवेचनाबाट करदाताले उद्योग विभागबाट प्रकाशित Material Consumption Norms ले निर्धारण गरेको प्रतिलब्धी भन्दा आ.व. २०६६/०६७ मा घटी उत्पादन देखिएको कारण आन्तरिक राजस्व कार्यालय सिमराबाट रु.२१,००,११३।९४ अन्तःशुल्क माग भएको देखिंदा करदातालाई दफा १०झ. बमोजिम विलम्व शुल्क र दफा १६ बमोजिम अन्तःशुल्क रकमको शत प्रतिशत जरिवाना समेत गणना गरेको निर्णय समेत कानुनसम्मत रहेको पाईयो।

१७. तसर्थ माथि विवेचित आधार एवं कारण समेतबाट करदाता साविक मारुती नन्दन रोलिङ्ग मिल्स प्रा.लि. (स्थायी लेखा नं. ३०००२०५९७) हाल परिवर्तित शालीमार स्टील्स प्रा. लि. को आ. ब. २०६६/०६७ को आन्तरिक राजस्व कार्यालय, सिमराबाट मिति २०७०/११/१२ मा अन्तःशुल्क निर्धारण गर्ने गरी भएको निर्णय र सोही निर्णय सदर गर्ने गरी आन्तरिक राजस्व विभागका महानिर्देशकबाट मिति २०७५/०२/१० मा भएको निर्णय समेत मिलेकै देखिंदा सदर हुने ठहर्छ। करदाताको पुनरावेदन जिकिर पुग्न सक्दैन। अरु तपसिल बमोजिम गर्नू।

<u>तपसिल खण्ड</u>

१. फैसलाको प्रतिलिपी सहितको जानकारी बिशेष सरकारी वकीलको कार्यालयलाई पठाईदिनू।
२. प्रस्तुत फैसलाको विद्युतीय प्रति सफ्टवेयरमा अपलोड गरी फैसलाको पीठमा जनाउनू।
३. सरोकारवाला पक्षले फैसलाको प्रतिलिपी माग गरेमा लाग्ने दस्तुर लिई नियमानुसार प्रतिलिपी दिनू।

४. प्रस्तुत पुनरावेदनको दायरीको लगत कट्टा गरी शुरु मिसिल आन्तरिक राजस्व कार्यालय, सिमरामा पठाई दिनू।

५. प्रस्तुत मुद्दाको रेकर्ड मिसिल यस न्यायाधिकरणको अभिलेख शाखामा बुझाईदिनू।

टेकप्रसाद ढुङ्गाना
(अध्यक्ष)

उक्त रायमा मेरो सहमती छ।

बासुदेव खनाल
(लेखा सदस्य)

<u>फैसला तयारीमा सहयोग गर्नुहुनेः-</u>

इजलास अधिकृतः श्री भिष्म भट्टराई

ईति सम्वत् २०८० साल जेष्ठ ८ गते रोज २ शुभम् ---------------------

फैसला प्रमाणिकरण गर्नेः-

फैसला प्रमाणिकरण मितिः- राजस्व न्यायाधिकरण काठमाडौंको छाप